नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

आषाढ/श्रावण २०६६(July 2009) वर्ष १३/अंक १४८

# मिशनको बिस्तार र यसको चुनौतीहरू

– श्री लेख नाथ पौडेल

... ***"स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ । यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ । हेर म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु "*** (मत्ती २८:१८-२०) । यो प्रभुको महान आज्ञा हो । यसै आज्ञालाई पालन गर्दै नेपाली इसाई मण्डलीले सक्रिय रूपमा काम गर्दै आइरहेको छ । नेपालका २१ जिल्लाका करिब ७०-८० ठाउँहरूमा हाल नेइमको शाखा-आवद्ध मण्डलीहरूमा नियमित रूपमा साप्ताहिक तथा दैनिक सेवा संगतिहरू भइरहेका छन् । ठाउँ-ठाउँमा रहेका शाखा-आवद्ध मण्डली तथा संगतिहरूमा साप्ताहिक सयौँको संख्यामा प्रभुलाई ग्रहण गरिरहेका छन् भने हजारौं मानिसहरूलाई सुसमाचार प्रचार गरिँदै छ । साप्ताहिक दर्जनौं ठाउँहरूमा सुसमाचारिय झुण्डहरू जाने गरेका छन् भने मासिक १-२ ठाउँमा नयाँ संगति शुरू हुन थालेका छन् । त्यस्तै नेइमका विभिन्न स्थानीय मण्डलीहरूबाट ठाउँ-ठाउँमा आउट-रीच संगतिहरू भइरहेका छन् ।

मण्डलीको ५० औं वार्षिकोत्सवको समयमा दिइएको जानकारी अनुसार उपत्यकाभित्र तथा बाहिर गरेर ११,००० भन्दा बढी विश्वासीहरू नेइम अन्तर्गतका मण्डली तथा शाखा-आवद्ध संगतिमा जाने गरेका छन् । यो संख्या हाल आएर अझ बढेको छ । नेइमका मिशनेरीहरू नेपालभन्दा बाहिर भारतका विभिन्न शहरहरू, मलेशिया तथा यू.के.मा समेत जानुभएको छ । त्यहाँ पनि नियमित रूपमा सेवा संगतिहरू भइरहेका छन् ।

यसरी यी तथ्याङ्कहरू हेर्दा परमेश्वर आफैले नै आफ्नो कामहरू यी दिनहरूमा गरिरहनुभएको छ । नेपालका गाउँ-गाउँमा, शहरहरू र बस्तीहरूमा मानिसहरू प्रभुमा आउन तयार छन् । प्रभुको बारेमा सुन्नको लागि मानिसहरू उत्सुक छन् । कति रोगी-बिरामीहरू निराश मन भएकाहरू, अशान्तिमा जीवन बिताइरहेकाहरूले निको हुनको लागि प्रार्थना मागिरहेका छन् । जब हाम्रा शाखा-आवद्ध मण्डलीमा रहेका विश्वासीहरूलाई भेट्छौं, शिक्षाको लागि प्रार्थनाको लागि, हामीलाई अनुरोध गरिरहेका हामी पाउँछौं । प्रभुको काम यति बढेर गएको छ कि, मानिसहरू घण्टौं लामो पैदल उकाली ओराली गर्दै संगति धाइरहेका छन् । यी सबै दृष्य हेर्दा, हामीले एउटा कुरा पक्कै पनि महसुस गरिरहेका छौं, त्यो के हो भने, बाली पूरै पाकिसकेको छ तर खेतालाको भने अभाव छ ।

अहिले मानिसहरूमा प्रभुप्रति जुन प्रकारको भोक र तृष्णा छ र जुन अनुपातमा मानिसहरू प्रभुमा आइरहेका छन्, त्यसबाट हामीले बुझ्नुपर्ने स्पष्ट कुरा के हो भने यी दिनहरूमा नेपालमा प्रभुको सिधा हस्तक्षेप छ । यदि हामी मण्डलीले यो कुरा बुझेर प्रभुको लागि जान तयार भयौं भने, केही वर्षभित्रनै पूरै नेपालले प्रभुमा उद्धार पाउनेछ । किनकि जुन अनुपातमा अहिले नेपालभरि उद्धारको काम भइरहेको छ सायद यस्तो पहिले कहिल्यै भएको थिएन होला । यो समयमा परमेश्वरले मण्डलीको लागि ठूलो ढोका खोलिदिनुभएको छ । अनि मण्डलीको जिम्मेवारी, प्रभुले उद्धार गरी बचाउन चाहनुभएका मानिसहरूलाई प्रभुको राज्य (मण्डली) भित्र ल्याउनु नै हो । यसका लागि धेरै खेतालाहरूको खाँचो छ किनकि अन्न पूरै पाकिसकेको छ । जसरी प्रभुले भन्नुभएको छ ...***"फसल त प्रशस्त छ, तर खेतालाहरू थोरै छ ..."*** (लूका १०:२) । मानिसहरू हजारौंको संख्यामा प्रभुमा आउन चाहन्छन् । के मण्डली यसको लागि तयार छ ? के कोही प्रभुको लागि जान तयार छ ? जस्तो लेखिएको छ, ...***"म कसलाई पठाउँ र हाम्रो निम्ति को जाने ?"*** (यशैया ६:८) । कोही तयार हुनुहुन्छ ? हराइरहेका, रोग, पीडा र अशान्तिले छट्पटाइरहेका मानिसहरूलाई उद्धारको खबर दिनको लागि । कोही तयार हुनुहुन्छ ? प्रभु फेरि पनि भन्दै हुनुहुन्छ, "मेरो निम्ति को जाने ?"

वास्तवमा अब मण्डली जाग्नुपर्छ । परमेश्वर आफैले गर्न चाहनुभएको यो महान काममा उहाँसँग सहकार्य गर्नको निम्ति के हामी तयार नहुने ? हामी आफैले विचार गरौं । प्रभुसँग सहकार्य गर्न उहाँले गर्नुभएको आह्वानमा हामी मण्डली पनि सहभागी बनौं ।

अब प्रश्नचाहिँ कसरी हामी प्रभुको लागि जान सक्छौं त ? त्यो, उहाँले दिनुभएको दान-वरदानहरू प्रभुको सेवाको खातिर चलाएरनै हो । परमेश्वरले सोच्न, विचार गर्न, योजना गर्न र सल्लाह दिनको लागि मण्डलीमा अगुवा गुरूजनहरू राख्नुभएको छ । उहाँहरूले आफ्नो बुद्धि, अनुभव र परमेश्वरबाटको सल्लाह दिएर परमेश्वरको महान काममा सहकार्य गर्न सक्नुहुन्छ । त्यसै गरी परमेश्वरले कति उहाँका जनहरूलाई व्यापार र पेशागत वरदानहरू दिनुभएको छ । उहाँहरूले मिशनमा जानेहरूको लागि र मिशनका लागि आफ्नो मुठ्ठी खोलेर प्रभुको यो महान काममा सहकार्य गर्न सक्नुहुन्छ । त्यस्तै कति व्यक्तिहरूले परमेश्वरले सुसमाचार तथा वचन प्रचारको, प्रार्थनाको, गीत संगीतको वरदान दिनुभएको छ । ती वरदानहरू चलाएर परमेश्वरको महिमाको काममा निस्कन सक्नुहुन्छ । वचनमा लेखिएझैं, सारा नेपालभरि गएर प्रभुको वचन प्रचार गरेर परमेश्वरको काममा सहकार्य गर्न सक्नुहुन्छ । जस्तो लेखिएको छ, ***'सुसमाचार प्रचार गर्ने पाउ डाँडाहरू हुँदो कति सुन्दर छन्, जसले शान्तिको घोषणा गर्दछन्, जसले शुभ समाचार ल्याउँछन्, जसले उद्धारको घोषणा गर्दछन् ...'*** (यशैया ५२:७) ।

प्रभु फेरि सोध्दै हुनुहुन्छ, "मेरो निम्ति को जाने ?" प्रभुको काम बढ्दो क्रममा छ, आज प्रभुको महान काममा सहायता पुर्‍याउने सहकर्मी हातहरू, प्रार्थना गर्ने घुँडाहरू, सुसमाचार तथा वचन प्रचार गर्न जाने खुट्टाहरू, वरदान भएका गलाहरू चाहिएको छ । के तपाईं तयार हुनुहुन्छ ? प्रार्थना गर्नुहोस् र यस महान काममा सहायता पुर्‍याउनको लागि प्रभुसँग प्रार्थना गर्नुहोस् र प्रभुले देखाउनुभए बमोजिम उहाँको महान काममा सहकर्मी बन्नको लागि सहयोगका हातहरू बढाउनुहोस् । तपाईं देश-विदेश जहाँकहीं हुनुभए तपानि यो महान काममा आफ्नो सहभागिता जनाउन सक्नुहुनेछ ।

के तपाईं आफ्नो गाउँ-ठाउँमा गएर प्रभुको वचन सुनाउँदै मण्डली स्थापना गरेर परमेश्वरको राज्य विस्तार गर्न चाहनुहुन्छ ? के तपाईंसँग भएका वरदानहरू चलाउन चाहनुहुन्छ ? के तपाईं विभिन्न

ठाउँमा रहेका शाखा-आवद्ध मण्डलीमा गएर उत्साह, हौसला तथा शिक्षा दिन चाहनुहुन्छ ? के तपाईं जानेहरूका लागि आर्थिक तथा अन्य सहायता गर्न चाहनुहुन्छ ? के तपाईं विभिन्न मण्डली र देश विदेशमा रहेका मिशनेरीहरूको लागि निरन्तर प्रार्थना गर्दै उहाँहरूलाई सहयोग दिन चाहनुहुन्छ ? यदि चाहनुहुन्छ भने ढिलो नगर्नुहोस् । किनकि प्रभुको समय नजीकै छ । आज हो कि भोलि एक दिन उहाँकहाँ हामी जानेनै छौं । के त्यस दिन प्रभुको अगाडि फल फलाएको देखाउनको लागि आज तपाईंले कुनै बीउ रोप्दैहुनुहुन्छ वा रोप्नुभएको छ ? याद गर्नुहोस् कतै तपाईं रित्तै हात त प्रभुकहाँ जाँदैहुनुहुन्न ? प्रभुको काम गर्ने समय अहिले नै हो किनकि फसल तयार छ (उपदेशक ११:४ र ६, भ.सं. १२६:५-६) । तसर्थ आउनुहोस् हामी सबै मण्डली हातेमालो गर्दै परमेश्वरको यो महान आज्ञा पूरा गर्न अघि बढौं ।

यदि तपाईंहरू पनि नेइमसँग हातेमालो गर्दै यस महान काममा सहभागी भई परमेश्वरसँग उहाँको काममा सहकार्य गर्न चाहनुहुन्छ भने नेइम मिशन विभाग मण्डली अफिस तथा आफ्ना स्थानीय अगुवाहरूसँग सम्पर्क गर्न सक्नुहुनेछ ।

**नेइम मिशन विभाग- mission @nim.org.np**

## मिशनरीहरूको लागि प्रार्थना

मण्डलीबाट मिशनेरी भएर जानुभएका श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), श्री नरेन्द्र र शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), श्री प्रदिप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने, भारत), श्री विष्णु पिटर र श्रीमती एलिशिबा लिम्बु परिवार (पोखरा), श्री पदम तामाङ्ग र श्रीमती सावित्रा तामाङ्ग (सिन्धुपाल्चोक, घोर्थली), डीकन अब्राहाम श्रेष्ठ र श्रीमती केट श्रेष्ठ परिवार (बेलायत), श्री लोक गुरूङ्ग र श्रीमती परिना गुरूङ्ग (सिलगढी, भारत) र श्री पासाङ्ग डेविड शेर्पा (मलेशिया) उहाँहरूको सेवकाइ साथै सबै क्षेत्रहरूमा परमेश्वरको आशिष मागिदिऔं । आगामी दिनहरूमा मण्डलीबाट अझै धेरैजना विभिन्न ठाउँहरूमा मिशनेरी भएर जानको निम्ति बोलावट पाएर आज्ञाकारी हुन सकून् साथै विभिन्न देश, विदेशहरूमा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सेवकाई पुऱ्याइराख्नुभएकाहरूलाई पनि आफ्नो प्रार्थनामा निरन्तर उचालिराखौं ।

## धन्यवाद

मण्डलीलाई निरन्तर प्रार्थनामा उचालिराख्नुभएको लागि देशभित्र र देशबाहिर हुनुभएका सम्पूर्ण नेइम ज्ञानेश्वर मण्डलीका विश्वासीहरूप्रति मण्डली धन्यवादी छौं । अझै मण्डली र देशको लागि प्रार्थना गरिदिनुहुन अनुरोध गर्दछौं ।

## जानकारी

नेपाली इसाई मण्डली ललितपुर, जोरपाटी र गोंगबूँ मण्डलीहरूको **E-mail address** निम्न प्रकार छन् :

नेइम ललितपुर मण्डली - **lalitpur@nim.org.np**
नेइम जोरपाटी मण्डली - **jorpati@nim.org.np**
नेइम गोंगबूँ मण्डली - **gongabu@nim.org.np**

## जानकारी

१. नेइम ज्ञानेश्वर मण्डलीअन्तर्गत दोलखा जिल्लाको भीरकोटमा आषाढ १ गते/जुन १५ ता. सोमबार २१ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो साथै भेडपु र दुम्बाका विश्वासीहरूसँग पनि भेटघाट र संगति गरियो । सो सेवकाईको लागि पाष्टर अशोक मुखिया, पाष्टर प्रेम श्रेष्ठ, डीकन रूबेन प्रधान, श्री लेखनाथ पौडेल, श्री नोहा थामी र श्री कृष्ण श्रेष्ठ जानुभएको थियो । हाल दोलखा जिल्लामा नेइमअन्तर्गत तिखतल, मलेपु, सिउरेनी, किउरेनी, भेडपु, भीरकोट र दुम्बा गरी सात स्थानहरूमा साप्ताहिक सेवा संगतिहरू भइरहेका छन् ।

२. आषाढ ७ गते/जुन २१ ता. आइतबार मकवानपुर जिल्लाको हात्तीसूँडेमा हात्तीसूँडे ख्रीष्टिय मण्डलीको अगुवा श्री तीर्थ बहादुर थीङ्गलाई अगुवा अभिषेक गरियो साथै भाल्टार मण्डलीमा त्यस क्षेत्रका नामटार, भालटार, लिक्चे, गोपीराङ्ग तथा चुनियाका मण्डलीका स्थानीय अगुवा तथा विश्वासीहरूसँग भेटघाट र संगति गरियो । सो सेवकाईको लागि पाष्टर बर्णबास श्रेष्ठ, श्री लेखनाथ पौडेल, श्रीमती मीरा गुरूङ्ग, श्रीमती अरूणा सुन्दास र सुश्री अनिता के.सी. जानुभएको थियो । हाल मकवानपुर जिल्लामा नेइम अन्तर्गत नामटार, भालटार, लिक्चे, गोपीराङ्ग, चुनिया, ठूलोदमार, फूर्केचौर, भडौंरा, हात्तीसूडे र बाबाजी गरी दश ठाउँहरूमा साप्ताहिक सेवा संगतिहरू भइरहेका छन् । साथै हेटौंडा ख्रीष्टिय मण्डलीसँग पनि नेइमले सहकार्य गरिरहेको जानकारी गराउँदछौं ।

३. जेष्ठ २७ गते/जुन १० ता. बुधबार नेइम जोरपाटी मण्डलीको २ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार<br>शनिबार<br>शनिबार | बिहान ८:०० र ११:०० बजे<br>बिहान ९:०० र ११:०० बजे<br>बिहान १०:३० बजे | ज्ञानेश्वर<br>ललितपुर<br>जोरपाटी, गोंगबूँ, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुर्जुधारा, सिर्जनानगर भक्तपुर र रानीपौवा |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एकपल्ट<br>महिनामा दुईपल्ट | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोगबूँ<br>जोरपाटी |
| घरेलु संगति | बुधबार, बिहीबार, शुक्रबार साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बाानेश्वर |
| | सोमबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, नाङलेभारे, गाम्छा, नयाँपाटी, गोंगबूँ र पनौती |
| | मंगलबार | बिहान ६:०० बजे | धापासी र बौद्ध-बज्रनगर, सिर्जनानगर भक्तपुर, कमलाक्षी |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैंसेपाटी |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ, कमलाक्षी |
| | शुक्रबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, पनौती, कालीमाटी र गाम्छा |

## शनिबार आराधना सेवामा वचन बोल्नेहरूको नामावली

| मिति | ज्ञानेश्वर | ललितपुर | जोरपाटी | गोंगबूँ | पनौती | नगरकोट | जहरसिंह पौवा | सिर्जनानगर | गाम्छा | गुर्जुधारा | रानीपौवा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आषाढ २७ गते, जुलाई ११ ता. | पाष्टर सामुएल कार्थक | डीकन दिल थापा | पाष्टर प्रेम श्रेष्ठ | पाष्टर रोबर्ट कार्थक | पाष्टर महेश थाँजु | डीकन सोम आले | डीकन जमान तामाङ | पाष्टर अशोक मुखिया | पाष्टर एस. सोडेम्बा | श्री सुभाश खालिङ | श्री शुक्रराज घिमिरे |
| श्रावण ३ गते, जुलाई १८ ता. | पाष्टर अशोक मुखिया | पाष्टर महेश थाँजु | डीकन गोपी राई | पाष्टर एस. सोडेम्बा | डीकन रूबेन श्रेष्ठ | श्री राजु घिसिङ | डीकन सागर थापा | श्री सुरेश पुरकोटी | संयुक्त सेवा जोरपाटी चर्च | डीकन सिमोन खालिङ | श्रीमती नविना लिम्बु |
| श्रावण १० गते, जुलाई २५ ता. | डीकन सामुएल क्षेत्री | पाष्टर रोबर्ट कार्थक श्री उदय लामा | पाष्टर महेश थाँजु | पाष्टर बि.बि. खवास | डीकनेस श्रीलक्ष्मी थैंजु | पाष्टर अशोक मुखिया | श्री दीप राई | श्री सिद्धि खालिङ | श्री राज गुरूङ | डीकन जनकलाल श्रेष्ठ | श्री जिल्बर्ट मीशो |
| श्रावण १७ गते, अगष्ट १ ता. | पाष्टर रोबर्ट कार्थक | पाष्टर राजेन्द्र रोंगोंग | पाष्टर प्रेम श्रेष्ठ | डीकन छोईन कार्थक | श्री प्रेम ठकुरी | संयुक्त सेवा ज्ञानेश्वर चर्च | श्री कृष्ण श्रेष्ठ | संयुक्त सेवा ज्ञानेश्वर चर्च | डीकन धनिएल सापकोटा | संयुक्त सेवा ललितपुर चर्च | संयुक्त सेवा गोंगबू चर्च |

## प्रार्थनाका विषयहरू

१. देशको सबै बिग्रँदो अवस्थाबाट नेपाल देश निको हुन सकोस् र देशको मण्डलीहरूले निरन्तर प्रार्थना गरिरहन सकौं ।

२. नेपाली युवा-युवतीहरू लागु पदार्थको दुर्व्यशनमा नफसून् साथै चेलीबेटी बेचबिखनदेखि सुरक्षित रहून ।

३. वर्त्तमान समयमा नेपालका मण्डलीका पाष्टर तथा अगुवाहरूलाई आएको डर, त्रास, धम्की जस्ता परिस्थितिहरूमा परप्रभुबाटको सुरक्षा र पवित्र आत्माको अगुवाई साथै होशियारीको लागि स्वर्गीय ज्ञान बुद्धि मागिदिऔं ।

४. नेइम अन्तर्गतका मण्डलीहरू ज्ञानेश्वर, ललितपुर, जोरपाटी, गोंगबूँ, पनौती, नगरकोट, जहरसिंह पौवा, सिर्जनानगर, गाम्छा, रानीपौवा, गुर्जुधारा मण्डलीहरूको सेवा संगतिहरूमा मण्डलीको वृद्धिको लागि परमेश्वरबाटको आशिष मागौं साथै यी मण्डलीहरूमा सेवकाई गर्नुहुने अगुवा गुरूजनहरूको लागि पनि प्रार्थना गरौं ।

५. मण्डलीबाट आउँदा दिनमा अझ धेरैले देशभित्र र देशबाहिर मिशनेरी भएर जानको लागि प्रभुबाट बोलावट पाउन सकून् ।

६. नेपाल देशका सबै मण्डलीहरू प्रार्थना, वचन, पढाई, स्तुति प्रशंसा, सुसमाचार प्रचार, प्रेम र पवित्रताको क्षेत्रमा अझै अघि बढ्दै जान सकून् साथै ख्रीष्ट प्रभुको दोस्रो आगमनको निम्ति सधैं तयार रहनेहरू हुन सकून् ।

७. स्कूल, कलेजमा पढिरहेका सबै बाल-बालिका तथा जवानहरूको सुरक्षा र पढाईको लागि प्रार्थना गरौं ।

८. शाखा/आवद्ध मण्डलीका अगुवा गुरूजनहरू, उहाँहरूको परिवार, सेवकाई, मण्डली साथै मण्डलीका सम्पूर्ण आवश्यकताहरूको लागि प्रार्थना गरिदिऔं ।

## विशेष अनुरोध

१. आराधना सेवाहरूको साथै अन्य सेवा संगति, सभाहरूमा आउनुभएका नयाँ-पुरानाहरूसँग सेवाअघि र सेवापछि चिनापर्ची, भेटघाट गरी प्रभुमा हुर्काउनको लागि हप्ताबीचको घरेलु संगति साथै अन्य सेवा संगतिहरूमा पनि लैजान सकौं । जसको फलस्वरूप मण्डलीमा आउनुभएका नयाँहरू मण्डलीको प्रेम र वास्तामा प्रभुमा बढ्दै जान सकून् ।

२. सुरक्षाको लागि मण्डली हाताभित्र कुनै पनि अपरिचित व्यक्तिहरूको गतिविधिलाई ध्यान पुऱ्याउनुहुन साथै कुनै झोला, पोका आदि जस्ता शंकास्पद (बेवारिस) वस्तुहरू देखिएमा सम्बन्धित अगुवा गुरूजनहरूलाई जानकारी गराउनुहुन अनुरोध गर्दछौं । यी विषयहरूको लागि मण्डली परिवारले सजकता अपनाउनुहुनको साथै मण्डलीको सहयोगको लागि पनि अनुरोध गर्दछौं ।

## जुलाई महिनाको कार्यक्रम

✦ असार २० गते/जुलाई ४ ता. शनिबार **अन्तर बाल संगतिको फूटबल प्रतियोगिता** दिउँसो ३:०० बजे

✦ श्रावण १ गते/जुलाई १६ ता. बिहीबार **महिला उपवास प्रार्थना** बिहान १०:०० बजे आ-आफ्नै मण्डलीमा

## जानकारी

धापासी बस्नु हुने नेइम गोंगबूँ मण्डलीका सदस्य **श्रीमती सुमित्रा बि.क.** ८३ वर्षको उमेरमा २०६६ जेठ १६ गते/२००९ मे ३० तारिख शनिबार प्रभुमा सुत्नुभयो ।

---

नयाँ बजार बस्नु हुने नेइम गोंगबूँ मण्डलीका सदस्य **श्री बहादुर सिंह तामाङ** ८८ वर्षको उमेरमा २०६६ असार ८ गते/२००९ जुन २२ तारिख सोमबार प्रभुमा सुत्नुभयो ।

प्रकाशक: नेइम [illegible], पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं. ४४७४८८९/४४७२१७२ email:nim@wlink.com.np, www.nim.org.np

## दैनिक प्रार्थनाका विषयहरू

| | | | | |
|---|---|---|---|---|
| **आइतबार SUNDAY** | **२१ 5** विभिन्न ठाउँमा भइरहेको जवानहरूको बाइबल अध्ययनमा सबै जवानहरू सिक्ने इच्छा लिएर सहभागी हुन सकून् । २ तिमोथी ३:१६-१७ | **२८ 12** नेपालभरि रहेका मण्डलीहरूमा पवित्र आत्माको काम अझै बढेर गएको होस् र सम्पूर्ण मण्डली पवित्र आत्माले भरिँदै जान सकून् । यूहन्ना ७:३७-३९ | **४ 19** ख्रीष्ट येशू असल गोठालो हुनुभएझैं मण्डलीका सबै अगुवाहरू पनि आफ्नो मण्डलीको असल गोठालोहरू हुन सकून् । यूहन्ना १०:१०-१६ | **११ 26** इसाई मण्डली र संघ-संस्थाहरू बीच आत्मिक एकताको साथै सुसमाचार प्रचार मा अझ लागिपर्न सकून् । यूहन्ना १७:२०-२१ |
| **सोमबार MONDAY** | **२२ 6** व्यक्तिगत, पारिवारिक र सामूहिक रूपमा चढाएका प्रार्थनाहरूको उत्तर पर्खन, उत्तर पाएकोमा साथै उत्तर नपाएकोमा पनि सधैं धन्यवादी हुन सकौं । १ थेसलोनिकी ५:१६-१८ | **२९ 13** हामी आफ्नो लागि मात्र होइन तर अरूको निम्ति पनि जिउने अनि आशिषको कारण बन्न सकौं । रोमी १५:१-१३ | **५ 20** मण्डलीमा भइरहेको सबै सेवा संगतिद्वारा दिन प्रतिदिन हामी परिपक्वतातिर बढ्दै जान सकौं । १ कोरिन्थी ३:१-९ | **१२ 27** मण्डलीका सबै विश्वासी परिवारहरूमा एक आपसमा प्रेम, एकता र मेलमिलाप सधैं भइरहन सकून् । कलस्सी ३:१२-१७ |
| **मंगलबार TUESDAY** | **२३ 7** मंगलबार हुने आत्मिकी तथा चंगाई सेवाद्वारा जागृति, चंगाई, छुट्कारा, आत्माको नविकरण, ताजापन, उत्साह, चिन्ह र आश्चर्यकर्म देख्न सकौं । यशैया ३५:३-७ | **३० 14** प्रत्येक परिवारले प्रभुलाई पाहुना होइन तर प्रभुको स्थानमा राखेर आदर दिनेहरू हुन सकौं । मत्ती ७:२१-२३ | **६ 21** मण्डली परिवारको जीवनमा विभिन्न समस्याहरूबाट छुटकारा, समाधान साथै स्थिर रहने अनुग्रहको लागि प्रार्थना गरौं । अय्यूब ४२:२,५ | **१३ 28** पवित्र आत्मा परमेश्वरले दिनुभएको स्वतन्त्रता, चंगाई, छुटकारा, बल, साहस, शान्ति पाएर परमेश्वरलाई अझ प्रेम गर्नेहरू हुन सकौं । लूका १८:३५-४३ |
| **बुधबार WEDNESDAY** | **२४ 8** घरेलु संगतिका सबै अगुवाहरूले आफ्नो झुण्डलाई हुर्काउने-बढाउने काम पवित्र आत्माको सहायताद्वारा गर्दै जान सकून् । १ पत्रुस ५:२-४ | **३१ 15** भोलि हुने उपवास प्रार्थनामा परमेश्वरको इच्छाअनुसार विश्वासमा प्रार्थना चढाइएको कारण मण्डलीले ठूला-ठूला कुराहरू देख्न सकौं । १ यूहन्ना ५:१४-१५ | **७ 22** परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाइको दशांश साथै अन्य भेटी चढाउने काममा सधैं मण्डली परिवार इमान्दार भइरहन सकौं । मलाकी ३:६-१२ | **१४ 29** शाखा/आवद्ध मण्डलीका पाष्टर तथा सबै अगुवाहरूले सबै अवस्थाहरूमा परमेश्वरको अगुवाई खोज्न सकून् । यशैया ४१:९-१० |
| **बिहीबार THURSDAY** | **२५ 9** प्रत्येक बाल-बालिकाहरू आफ्ना आमा-बाबुको आदर गर्ने र आज्ञाकारी हुन सकून् । एफिसी ६:१-२ | **१ श्रावण 16** सबै परिवारहरूमा आमा बाबु र छोराछोरी बीचको प्रेम, मेलमिलाप र समझदारी बढ्दै जान सकून् । एफिसी १:१७-१९ | **८ 23** मण्डलीका सबै जवानहरू संसारसँग एकै चालको नभई सधैं होशियारीसाथ जीवन जिउनका लागि प्रभुसँग अनुग्रह मागिदिऔं । १ पत्रुस १:१३-१६ | **१५ 30** सेवा संगतिमा आउन छोडेकाहरू जान मन नलाग्नेहरू सबैलाई सेवा संगतिको इच्छा भएको होस् । यशैया ५४:७-८ |
| **शुक्रबार FRIDAY** | **२६ 10** आराधना सेवामा आउनेहरू सबै प्रभुलाई भेट्नलाई मन, प्राण, आत्मा र शरीरको तयारीमा आउन सकून् । भजनसंग्रह ८४:१-५ | **२ 17** भोलि मण्डलीमा आउनुहुने नयाँहरूले ख्रीष्ट येशू प्रभुलाई प्रभु अनि मुक्तिदाता भनेर ग्रहण गर्न सकून् । यूहन्ना १:१२ | **९ 24** भोलि हुने आराधना सेवामा प्रचारिएको वचनद्वारा मण्डलीको आत्मिक स्तरमा वृद्धि आएको होस् । कलस्सी २:६-८ | **१६ 31** मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाईको लागि जानुभएकाहरूको सेवकाई, परिवार, शुरू भएको संगति झुण्डको लागि साथै उहाँहरूको सेवकाईद्वारा अझ धेरै प्रभुमा आउन सकून् । यूहन्ना १५:१६ |
| **शनिबार SATURDAY** | **२७ 11** मण्डलीका सबै विश्वासीहरू वचन सुन्ने मात्र होइन तर आज्ञाकारी भएर त्यसअनुसार गर्नेहरू पनि हुन सकौं । उपदेशक १२:१३ | **३ 18** सेवामा आउन, स्तुति प्रशंसा चढाउन, वचन सुनेर आज्ञा पालन गर्न नदिने सबै अन्धकारको शक्तिको विरूद्धमा प्रार्थना गरौं । २ कोरिन्थी १०:३-४ | **१० 25** कारागारमा प्रभु येशूलाई चिनेर विश्वास गर्ने दाजुभाइ तथा दिदीबहिनीहरूको बीचमा हुने सेवकाईद्वारा अझै धेरैले प्रभुलाई चिन्न सकून् । प्रेरित १६:२५-२६ | **१७ August 1** विभिन्न सेवा संगतिहरूमा वचनको सेवकाई गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन, पवित्र आत्माको अगुवाई मागिदिऔं । यर्मिया ३१:४, ११ र १६ |

**तिमीहरूले मेरो नाउँमा जेसुकै मागे तापनि पुत्रमा पिताको महिमा होस् भनेर म त्यो गर्नेछु । तिमीहरूले मेरो नाउँमा कुनै थोक माग्यौ भने र म गरिदिनेछु ।**

**यूहन्ना १४:१३-१४**